# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७३/१२/१६ गते

## प्रेस विज्ञप्ति

**विषय: भूमिसुधार कार्यालय, कलैया, बारामा कार्यरत ना.सु. विश्वनाथ प्रसाद यादवलाई घुस रकम सहित नियन्त्रणमा लिईएको।**

---

बारा जिल्ला, सिंहासनी गा.वि.स. वडा नं. ४ स्थित मोही जग्गा नामसारी तथा जग्गाधनीसँगको बाँडफाँड गर्ने कार्यको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अ.दु.अ.आयोगको कार्यालय हेटौंडा, मकवानपुरबाट खटिई गएको टोलीले निज ना.सु. विश्वनाथ प्रसाद यादवलाई निजकै कार्यालयबाट घुस/रिसवत बापतको रकम रू.१५,०००।-(पन्ध्र हजार) लिईसकेको अवस्थामा घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलब्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिविधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता